**ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक)**
**२५ औं वार्षिक साधारण सभा**
**प्रगति प्रतिवेदन आ.व. २०७६/२०७७**

मिति : २०७७ साल असोज ३० गते तद्नुसार १६ अक्टोबर, २०२०
समय : ११:०० - ०२:०० बजे सम्म
प्रस्तुतकर्ता : श्री ज्योत्सना साउँद, महा-सचिव, रुडुक

**आदरणीय सभाध्यक्षज्यू तथा सभासदज्यूहरु यस ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) को कार्यसमितिको निर्देशानुसार, म संस्थाको आ. ब. २०७६/०७७ को प्रगति प्रतिवेदन, चालु आ.व. २०७७/०७८ मा सञ्चालित कार्यक्रमको जानकारी तथा आ.ब.२०७६/०७७ को लागि प्रस्तावित कार्यक्रमहरुको विवरण यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

## ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) एक परिचय

ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक), सुदुरपश्चिम प्रदेश क्षेत्रका महिलाहरुको समूह बनाई ग्रामीण भेगका महिला तथा बालबालिकाहरुको आर्थिक सामाजिक, शैक्षिक एंव महिलाको नेतृत्व विकास गर्ने उद्देश्यले वि.सं. २०५२ साल (सन् १९९५ अप्रिल) मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता गरी समाज कल्याण परिषद्मा आवद्ध भएको गैर नाफामुलक सामाजिक संस्था हो । रुडुकले विशेषत: सुदूरपश्चिम प्रदेशमा महिला, युवा वर्ग तथा बालबालिकाको आर्थिक, सामाजिक, शैक्षिक उन्नती र राजनैतिक रुपमा महिलाको नेतृत्व विकास गर्नको लागि तयार पार्ने मध्यस्तकर्ता तथा स्वास्थ्यसँग सम्बन्धित लगायत अन्य विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । जस्तै: प्रजन्न स्वास्थ्य शिविर, विद्यालय स्तरिय स्वास्थ्य कार्यक्रम, बर्थिङ सेन्टर सञ्चालन, पोषण, घर-करेसाबारी कार्यक्रम, पाठेघर झर्ने सम्बन्धी समस्याको उपचारका लागि नि:शुल्क स्वास्थ्य शिविर तथा अनुसन्धान, आँखा, मुटु, कान सम्बन्धी नि:शुल्क शिविर, पोषण, पुनर्स्थापना गृह, महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम, मौरी पालन, शुसासन आदी ।

## आदरणीय सभाध्यक्ष तथा सभासदज्यूहरु,

यस रुडुकद्वारा आ.व २०७६/०७७ मा आफ्ना नियमित कार्यक्रमहरु बाहेक महिला तथा सिमान्तकृत समूहका सवालमा केन्दित विभिन्न कार्यक्रममा भाग लिने, कोभिड-१९, बाढि, पहिरो र हुरिबतास जस्ता प्राकृतिक प्रकोपमा सहयोग कार्य गर्दैआईरहेको छ । यस संस्थाबाट संञ्चालन भएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन यस गरिमामय सभामा पेस गर्न अनुमति चाहन्छु ।

## १. मेरो पठनपाठनमा रुडुकको साथ छात्रवृत्ति वितरण कार्यकम

द चाइना फाउडेसन र सफा सुनौलो नेपालको आर्थिक सहयोगमा ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) को समन्वय र यस संस्थाकी संस्थापक अध्यक्ष डा. आरजु राणा देउवाज्यूको विशेष पहलमा कैलाली र डडेल्धुराका स्थानीय निकायहरुको सिफारिसमा गरिब, जेहेन्दार, पछाडी पारीएका वर्गबाट ३००० जना छात्र/छात्राहरुलाई शैक्षिक सामग्रीहरु झोला, औजार, सिसाकलम, कपि, र कलर बक्स प्रदान गरीएको थियो ।

## २. महामारीमा आमालाई रुडुकको साथ कार्यक्रम

कोरोना भाईरस (कोभिड-१९) महामारीमा यस संस्थाद्धारा धनगढी उप महानगरपलिका, कैलालीका ७० जना र कृष्णपुर, शुक्लफाटा र बेदकोट नगरपालिका कञ्चनपुरका ३६ जना गरी जम्मा १०६ गरिब तथा अति विपन्न समुदायका गर्भवती महिलाहरुलाई प्रति व्यक्ति रासन (३० के.जी. चामल, ४ के.जी. दाल, २ लिटर तेल, १ के.जी. नुन, १ क्यारेट अण्डा, ५ के.जी. आलु, १ के.जी. चिनी) र सेनिटरी प्याड, ३० थान मास्क, साबुन, ब्रस कोलगेट, झुल, तौलिया, लाम्खुट्टे मार्ने धुप लगायतका स्वास्थ्य तथा खाद्यान्न सामाग्री स्थानीय सरकारको समन्वय र अनुगमनमा वितरण गरीएको थियो । सो कार्यक्रमलाई नेपाल यूथ फाउन्डेसनले आर्थिक सहयोग गरेको थियो ।

RURAL WOMEN'S DEVELOPMENT AND UNITY CENTRE
RUWDUC
2052

## ३. विपद्मा रुडुकको परामर्श सेवा कार्यक्रम

कोरोना भाईरस (कोभिड-१९) महामारीको समयमा हुन सक्ने घरेलु हिंसा, महिला बिरुद्ध हुने हिंसा तथा अन्य कुनै पनि किसिमका हिंसामा परेका वा पर्न गएमा पिडितलाई रुडुकले कैलाली, कञ्चनपुर र डडेल्धुरा जिल्लाहरुमा तालिम प्राप्त परामर्शदाताहरुबाट निःशुल्क परामर्श सेवा प्रदान गर्दै आईरहेको छ । चैत्र २०७६ देखी असार २०७७ सम्म ११३ जनाले सो सेवा लिनु भएको छ । जस मध्ये १३ वटा केस नेपाल प्रहरी र ५७ वटा केस सेल्टर होम्स लाई रिफर गरीएको थियो । त्यसै गरी सुदूरपचिम प्रदेशका १७ जना उपप्रमुख ज्यूहरुलाई मानसिक स्वास्थ्य बारे क्लीनिक साइकलोजिष्ट डा. छोरी लक्ष्मी महर्जन ज्यूबाट अभिमूखिकरण प्रदान गरीएको थियो । हाल बिभिन्न सामाजिक संजाल र रेडियो कार्यक्रमद्धारा पनि मानसिक स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन भईरहेका छन् ।

## ४. किशोर किशोरीलाई नेतृत्व विकास सम्बन्धि अभिमुखीकरण

धनगढी उप-महानगरपालिका कौलालीको उप-मेयर संग किशोर किशोरी कार्यक्रम अन्तरगर्त रुडुकले दुर्व्यसनी, प्रजन्न स्वास्थ्य, तथा नेतृत्व विकास सम्बन्धि अभिमुखिकरण कार्यक्रम धनगढी उप-महानगरपलिकाका ५० जना भन्दा बढी किशोर किशारीहरुलाई प्रदान गरी सम्पन्न गरेको थियो । उक्त कार्यक्रमको आर्थिक सहयोग धनगढी उप-महानगरपालिकाले गरेको थियो ।

## ५. कन्चनपुर जिल्लामा संचालित बालगृह

सन् २००३ मा द्धन्द्धबाट पिडित तथा अनाथ बालबालीकाहरुको पालन पोषण र शिक्षा प्रदान गर्नका लागी डडेल्धुरा जिल्लाको जोगबुडामा बालगृह सञ्चालन गरियो । स्थापनाको केही वर्ष पश्चात सशस्त्र द्धन्द्धका कारण बालगृह कैलालीमा स्थानन्तरण गरीयो र तत्पश्चात कञ्चनपुर जिल्लामा सारियो । कन्चनपुर जिल्लामा संचालित बालगृहमा हाल ५ जना बालिकाहरु रहेका छन् । गत आ.ब. मा एकजना छात्रालाई साथी संस्थाको काठमाडौं सेल्टर होममा स्थानन्तरण गरीएको थियो । हाल ४ जना कक्षा ११ मा र १ जना कक्षा १० मा भर्ना भई आफ्नो अध्ययनलाई निरन्तरता दिइरका छन् ।

## ६. पौष्टीक पुनर्स्थापना गृह, डडेल्धुरा

रुडुकले पौष्टीक पूर्नस्थापना गृह निर्माणलाई निरन्तरता दिदै विगतका तिन जिल्ला (कैलाली, कञ्चनपुर र सुर्खेत) मा निर्माण गरे अनुसार डडेल्धुरा जिल्लाको डडेल्धुरा अस्पताल डडेल्धुरामा गृह निर्माण कार्य गरेको छ । नेपाल यूथ फाउन्डेसन (नायफ) को आर्थिक सहयोग, डडेल्धुरा अस्पताल डडेल्धुरा, र रुडुक केन्द्रीय कार्यालय बिच सहमतिमा हस्ताक्षर भई, स्वास्थ्य मन्त्रालय बालबलिका महाशाखाको रोहबरमा निर्माण कार्य सम्पन्न भई जून २०२२ सम्म रुडुकको निगरानीमा सञ्चालन भइरहेको छ । हालसम्म डडेल्धुराको पौष्टीक पूर्नस्थापना गृहबाट २५१ जना कुपोषित बालबालिकाहरुले उपचार गराई घर फर्किसकेका छन् । गत वर्ष यस पौष्टिक पुनर्स्थापना गृहमा जम्मा ६२ कुपोषित बालबालिकाहरु भर्ना भई उपचार पश्चात घर फर्किसकेका छन् । हाल सम्म ८२३ जना आमा र बालबालिकाहरुले परामर्श सेवा लिनु भएको छ ।

## ७. त्रिवेणी बहुमुखी क्याम्पस डडेल्धुरामा महिला छात्राबास

**परियोजना संचालन गर्नको उदेश्य:**

- सुदूरपश्चिमका दुर्गमक्षेत्रका छात्राहरुलाई शिक्षा आर्जनमा अवरोध हटाउन सुरक्षित तथा सुलभ बासस्थानको ब्यवस्था गरी उच्च शिक्षामा पहुँचका बढाउने ।
- बिकट स्थानका कारण छात्राहरुले पठन पाठन गर्न पाउने अवसर बाट बन्चित हुनु परेको ।
- समाजमा रहेका कुरिति बाट छात्राहरुलाई पर्न जाने असहज अवस्था न्यूनिकरण गर्ने ।

**परियोजना समूह/छनौटका आधारहरु**

- अविकसित क्षेत्र तथा पछौटेपन, संस्कृतिक तथा परम्पारगत चलन ।
- उच्च शिक्षाको लागि गुणात्मक तथा सख्यात्मक शिक्षामा पहूँच नभएको ।



RUWDUC 2052
RURAL WOMEN'S DEVELOPMENT AND UNITY CENTRE
DADELDHURA

- यातायातको अभावले समयमा क्याम्पस पुग्न नसक्ने अवस्था ।
- छुवाछुत, छाउपडी जस्ता संस्कृतिक कारणले सजिलै भाडामा घर नपाईने ।
- जातिय अधारमा बिषेशत: दलितले भोग्नु पर्ने तितो व्यवहार ।
- बलिकाहरुका लागि सांस्कृतिक र आर्थिक असुरक्षाका कारण विवाह पश्चात उच्च शिक्षामा निरन्तरता नहुनु ।
- अविबाहकहरु बाहिर ठूला शहरहरुमा बलिकाहरुलाइ पठाउन डर मान्ने ।

**परियोजना स्थल** : परशुराम नगरपालिका जोगबुढा वडा नं १२
**परियोजना अवधि** : मार्च ९, २०१७ देखी अप्रिल ८, २०१८ वार्षिक ४८ जना छात्राहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने तथा अप्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या १०,००० हुने ।
**परियोजनाको सेवा क्षेत्र** : सुदूरपश्चिम प्रदेशका पहाडी, ग्रामीण क्षेत्र ।
**क्रियाकलापहरु**

- त्रिवेणी बहुमुखी क्यापस, डडेल्धुरा समुदायमा क्याम्पस डडेल्धुरा सदरमुकाम बाट ८५ कि.मी टाढा महाकाली नदी किनार जोगबुढामा रहेको छ ।
- २ तले १२ कोठे भवन नक्सा निर्माण १५२.६४ वर्ग मि क्षेत्रफलमा (१५.९ मि. लम्बाई र ९.६ मि. चौडाई) निर्माण कार्य सम्पन्न ।
- छात्राबास भवन निर्माण गर्न श्री जगत बहादुर साउँद र श्रीमती चन्दा देवी साउँदले ८ आना जग्गा उपलब्ध गराउनु भएको र निर्माण सम्बन्धमा सबै पक्षको मन्जुरी ।
- २०७४ साल फाल्गुन २५ गते नेपालका लागि जापानी राजदुत ओगावा र संस्थाकी संस्थापक अध्यक्ष डा. आरजु राणा देउवाले संयुक्त रुपमा उदघाटन गरी समुदायलाई हस्तान्तरण गरियो ।
- गत वर्ष यस महिला छात्रावासमा जम्मा ३२ जना छात्राहरु भर्ना भएका थिए ।

**८. <u>परियोजनाको नाम: ट्रोसा परियोजना</u>**
**परियोजनाको नाम : दक्षिण एशियाली अर्न्तरदेशीय सिमा नदीको पानीको सामुदायिक सदुपयोग (ट्रोसा)** (Transboundary Rivers of South Asia (TROSA)
**दात्री** : अक्सफाम (OXFAM Nepal)
**अवधि**: जुलाई २०१९ देखि जून २०२०
**कार्यक्षेत्र**: परशुराम नगरपालिका वडा ५ र ६

**परियोजनाको मूख्य उद्देश्य:**
नदी आधार-क्षेत्रमा बस्ने गरीब जोखिममा रहेका सिमान्तकृत समुदायहरुको जिविकोपार्जनको मूल-आधार नदीजन्य पानीको स्रोत माथी उनिहरुको पहुँच र नियन्त्रण कायम गरी गरीबी घटाउने ।

- नदी आधार क्षेत्रका समुदायहरुको पानीका स्रोत माथिको हक सुरक्षाका लागि सरकारी नीति र व्यवहारमा सुधार गर्ने ।
- नदी आधार क्षेत्रका समुदायहरुको पानी माथिको हकको सम्बन्धमा निजि क्षेत्र तथा अन्य प्रकृयामा सहभागीहरुले सम्मान गर्ने ।
- नदी आधार क्षेत्रमा बस्ने समुदायहरु तथा नागरिक समाजका सदस्यहरुको अर्न्तरदेशीय पानीको व्यवस्थापनमा प्रभाव पार्न सक्ने गरी क्षमतामा बृद्धि ।
- महिलाहरुको प्रोफाईल, छलफलमा प्रभाव पार्न सक्ने क्षमता, तथा पूर्वाधारबारे निर्णय लिन सक्ने सम्बन्धमा पैरवी गर्ने ।

**<u>उपलब्धीहरु:</u>**

- ६ बुँदे धनगढी धोषणापत्र अनुसारको प्रगतिको अभिलेखिकरण (नेपाली र अंग्रेजी भाषामा) ।
- नदी जन्य श्रोतहरुको सदुपयोग त्यसस्थान सम्बन्धि परशुराम नगरपालिकाद्धारा खेस्रा निदेशिका तयार ।
- परशुराम नगरपालिकाद्धारा सरसफाई योजनाको खेस्रा निदेशिका तयार, पानीको गुणस्तर मापन सम्बन्धि बुँदा समावेश ।
- अन्तरदेशीय पानी सुशासन सम्बन्धि तालिम पुस्तिका (महाकाली बेसिन) नेपाली र अंग्रेजी भाषामा तयार पारी स्थानीय विकास तथा तालिम प्रतिष्ठानबाट अनुमोदन हुने क्रममा ।



RURAL WOMEN'S DEVELOPMENT AND UNITY CENTRE RUWDUC 2052 DADELDHURA

- स्थानीय बजेट तर्जुमाका चरणहरुमा महिला सशक्तिकरण केन्द्रका सदस्याहरु र युवाहरुको सक्रिया सहभागिता मार्फत नगरपालिका आगामी बार्षिक बजेटको ३ प्रतिशत बजेट महाकाली बेसिनका समुदायको लागि विनियोजन ।
- पूर्णागिरी परशुरामधाम संयुक्त पैरवी मञ्च मार्फत दुबै देशका महाकाली बेसिनका समुदायहरुको संयुक्त चुनौतीहरुको विश्लेषण र समाधानका लागि प्रतिबद्धता ।
- नेपाल भारत संयुक्त पूर्व सूचना प्रणाली मार्फत बाढीको सुचनाको आदान प्रदान मार्फत महाकाली किनारमा रहेका समुदाय सतर्क र सुरक्षित रहन सफल ।
- परशुराम नगरपालिकाद्धारा डम्पिङ साइटका लागि जग्गा छनौट महाकाली बेसिनबाट टाढा छनौट गरीएको ।
- रेडियो कार्यक्रम सशक्तिकरण आवज मार्फत समुदायका समस्याहरु र चुनौतीका उठान सहजीकरणका लागि सरोकारवालाहरु संग पहल ।
- लोक वैज्ञनिक मार्फत नियमित पानीमो गुणस्तर मापन, आफ्नो समुदायको पिउने पानीको मुहान संरक्षण ।
- १० हेक्टर जमिनमा १६,००० बोटाहरु वृक्षारोपण ।
- कोभिड-१९ को लकडाउनको दौरान महाकाली बेसिनका ८० परिवारलाई व्यक्तिगत सरसफाई सामग्री हस्तान्तरण ।

**चुनौतिहरुः**

- महिला सशक्तीकरण केन्द्रका लागि भवनको अभाव ।
- स्थानयि सरकारको प्रतिबद्धता अनुसार व्यवहारमा उर्तान कठिनाई ।
- भारतीय पक्षतर्फ अन्य संघ संस्थाहरुले परियोजना कार्यान्वयन नगरेकाले पारीको समुदनयसंग समन्वय गर्न कठिनाई ।

**९. रुडुकद्धारा राहत वितरण कार्यक्रम**

रुडुक द्धारा विभिन्न दातृ व्यक्तिहरु तथा संघ संस्थाहरुको सहयोमा कैलालीको त्रि-नगर नाका हुँदै नेपाल भित्रिने करिब १०,००० व्यक्तिहरुलाई निःशुल्क खाना पानीको व्यवस्था गरीएको थियो । त्यसै गरी कैलालीको क्वारेन्टिनमा बसेका ५१७ जनालाई सरसफाई सामाग्री हस्तान्तरण, कैलालीको २४ वटा क्वारेन्टनहरुमा पानी फिल्टर हस्तान्तरण, धनगढी उप महानगरपालिकाले निर्माण गरेको आइसोलेसन भवनमा २५ थान पंखा हस्तान्तरण गरीएको थियो । त्यसै गरी डडेल्धुरा अस्पताल डडेल्धुरा र जोगबुडा अस्पताल डडेल्धुरालाई १५० थान पिपिई सेट, बुट, भइजर, पंजा, N95 मास्कहरु, थर्मल गन र सेनिटाइजर प्रदान गरीनुका साथै डडेल्धुरा स्थित पत्रकारहरुलाई प्रेस ज्याकेट र सरसफाई सामग्री हस्तान्तरण गरीएको थियो । माथि उल्लेखित क्रियाकलापहरु स्थानीय सरकारको समन्वयमा संचालन गरीएको थियो ।

**१०. सीपमूलक तालीम कार्यक्रम**

नेपाल यूथ फाउन्डेसनको सहयोगमा कैलाली र डडेल्धुराबाट स्थानीय सरकारको सिफरीसमा र रुडुको समन्वयमा ८ जना युवाहरुलाई तीन महिने सीपमूलक तालीम सफलतापूर्वक सम्पन्न गरी आफ्नो जिल्लामा काम गर्न थालेका छन् ।

**आदरणीय सभाध्यक्षज्यू तथा सभासदज्यूहरु आर्थिक वर्ष २०७७/०७८ मा गर्ने कार्यक्रमको प्रस्तावित कार्यक्रमहरु तथा रणनीतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**आगामि आ.ब २०७७/७८ का कार्यक्रमहरुः**

१. **दक्षिण एशियाली अर्न्तरदेशीय सिमा नदीको पानीको सामुदायिक सदुपयोग (ट्रोसा)** (Tranboudary Water of South Asia TROSA)

**जुलाई २०२० देखि जुन २०२१**

- सञ्चार प्रेसलाई विविध सामग्री सहित परिचालन गर्ने लेख, रचना, फोटो इत्यादी ।
- राष्ट्रिय तथा स्थानीय सरकारी कर्मचारीहरुद्वारा परियोजना क्षेत्रको संयुक्त भ्रमण ।
- धनगढी घोषणापत्रको कार्यान्वयन पक्षलाई डकुमेन्टेसन ।
- नागरिक विज्ञान परिक्षणको नतिजालाई जिल्ला, प्रदेश स्तरका सरोकारवालाहरुलाई जानकारी गराउने ।
- नेपाल सरकारको सात चरणका योजनाहरुमा सहभागिता तथा बजेटको विनियोजनका लागि पहल ।
- बालुवा उत्खन्न व्यवस्थापनका लागि आवश्यक निर्देशिका निर्माणका लागि सरोकारवाला निकाय सँग समन्वय ।
- होटल संघहरुसंग सहकार्य गरी महाकालीको अवस्थाबारे जानकारी गराउने ।



RURAL WOMEN'S DEVELOPMENT AND UNITY CENTRE
RUWDUC
2052
DADELDHURA

➢ नेपाल–भारत पैरवी समुहको नियमित बैठक ।
➢ नागरिक विज्ञान/पूर्व सूचना प्रणाली सम्बन्धि पूनताजगी तालिम ।

**२. पौष्टीक पूर्नस्थापना गृह (पौ.पू.आ.) डडेल्धुरा**
२७ जनवरी २०१७ देखि जून २०२२ निरन्तरता

**३. छात्रवृत्ति कार्यकम**
स्थानीय सरकारको सिफारिसबाट गरिब, जेहेन्दार, पिछडिएका वर्गका बालबालीकाहरुलाई प्रदान गरिने, शैक्षिक सामाग्रीका लागि आवश्यक प्रक्रिया अगाडि बढाई दातृ निकायहरु संग समन्वय गरी अगाडी बढ्ने ।
४. कन्चनपुर जिल्लामा संचालित बालगृह
५. राहात वितरण कार्यक्रम
६. यस रुडुक संस्थाले नियमित २६ औं साधारण सभा गर्ने ।
७. स्वास्थ्य शिक्षा क्षेत्रको दिगो विकास लक्ष्य प्राप्तीमा नेपाल सरकार र दातृ निकायहरु विच सहकार्य गर्ने ।
८. रुडुकले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरुलाई नियमित रुपमा मनाउन निरन्तरता दिने ।
९. प्राकृतिक प्रकोप तथा आपतकालीन समयमा सहयोग गर्ने ।
१०. कर्मचारीको क्षमता अभिबृद्धि गर्ने ।
११. रुडुकका जिल्ला शाखाहरुलाई अझ प्रभावकारी तथा व्यवस्थित गर्न कार्यसमितिहरुमा रुपान्तरण गर्ने ।
१२. रुडुकका पुराना काम नलाग्ने चल-अचल सम्पत्तिलाई प्रक्रिया पुऱ्याएर धुल्याउने ।
१३. कार्यक्रम नयाँ जिल्लामा विस्तार गर्ने ।
१४.बालबालीका बेचबिखन, बाल बिबाह, बहु बिबाह मानसिक स्वास्थ्य तथा प्रजन्न स्वास्थ्य र बातावरण परिवर्तन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
१५. युवाको लागि आर्थिक सशक्तिकरण तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम गरिने छ ।
१६. रुडुकको चल अचल सम्पत्तिलाई अपडेट गर्ने ।
१७. नयाँ परियोजना प्रश्तावनाहरु निर्माण गरी विभिन्न दातृ निकायमा पेश गर्ने ।

**यस ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) को केन्द्रीय कार्यसमितिको बैठक तपसील बमोजिमको मितिमा सम्पन्न गरिएको थियो :**

➢ मिति २०७६ साल श्रावन २० गते
➢ मिति २०७६ साल भाद्र ११ गते
➢ मिति २०७६ साल भाद्र २१ गते
➢ मिति २०७६ साल भाद्र २८ गते
➢ मिति २०७६ साल आविन ०४ गते (२४ औं बार्षिक साधारण सभा)
➢ मिति २०७६ साल आविन ०८ गते
➢ मिति २०७६ साल आविन ०९ गते
➢ मिति २०७६ साल मंसिर २९ गते
➢ मिति २०७६ साल पौष २४ गते
➢ मिति २०७७ साल ज्येष्ठ २० गते
➢ मिति २०७७ साल आषाढ ३१ गते

**सभासदज्युहरु,**
यी कार्यक्रमहरु संचालन गर्न लाग्ने प्रस्तावित, अनुमानित खर्च आय व्यय विवरण कोषाध्यक्षज्यू को प्रतिवेदनमा उल्लेख हुनेनै छ । आर्थिक वर्ष २०७६/७७ भित्र रहेका कार्यक्रमहरु तथा आगामी आर्थिक वर्ष २०७७/७८ का लागि प्रस्तावित कार्यक्रमहरुलाई छलफल गर्नुपर्ने कामहरुको नयाँ कार्यसमितिलाई निर्देशन गरी दिनुहुन र सम्पूर्ण कार्यक्रम समिक्षा गरी सभाबाट अनुमोदन गरी दिनु हुन पनि अनुरोध छ ।

RURAL WOMEN'S DEVELOPMENT AND UNITY CENTRE
RUWDUC
2052
DADELDHURA

**अन्त्यमा,**

सामाजिक क्षेत्रमा हासिल गरेको उपलब्धिहरुलाई यस संस्थाले नेपालको उपलब्धीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महत्वपूर्ण योगदान रहेको छ । यस उपलब्धिलाई हासिल गर्न यस संस्थामा आवद्ध सदस्यहरुका साथै प्रतिवद्ध व्यक्तित्वहरुको ठूलो योगदान रहेको छ । ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) लाई सहयोग गर्ने नेपाल सरकार र विभिन्न दातृ निकायहरु र मातहतका निकायहरु लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार संस्थाहरु, रुडुक जिल्ला कार्य-समितिहरु संलग्न सम्पूर्ण स्वंयम्-सेवकलाई हृदय देखि आभार व्यक्त गर्दछौं । यस संस्थामा महत्वपूर्ण योगदान दिनुहुने पदाधिकारीहरु तथा सदस्यज्युहरु प्रति कृतज्ञता व्यक्त गर्दै यस संस्थाको केन्द्रिय कार्यालयमा खटीने कर्मचारी साथीहरु र स्वंयमसेवकहरुलाई हार्दिक धन्यवाद दिदै यहाँको सल्लाह, सुझावको सधै अपेक्षा गर्दछु ।

**धन्यवाद !!!**

RURAL WOMEN'S DEVELOPMENT AND UNITY CENTRE
RUWDUC
2052
DADELDHURA